सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातकोत्तर तहको रजिष्ट्रेशन फाराम भर्ने भराउने सम्बन्धी सूचना

शैक्षिक सत्र २०७४/०७५ मा यस विश्वविद्यालयमा स्नातकोत्तर तहमा भर्ना भई अध्ययन गरीरहेका विद्यार्थीहरुको विश्वविद्यालयमा नाम दर्ता हुनुपर्ने भएकोले विश्वविद्यालयको रजिष्ट्रेशन फाराम मिति २०७४/१२/२१ गतेदेखि २०७५/०१/२५ गतेभित्र भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विभाग तथा क्याम्पसको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **आवश्यक कागजातहरु :-**

(क) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको लब्धाङ्कपत्र र प्रमाणपत्रहरुको प्रतिलिपि ।

(ख) +२ वा सो सरह उत्तीर्ण गरेको लब्धाङ्कपत्र र प्रमाणपत्रहरुको प्रतिलिपि ।

(ग) स्नातक वा सो सरह उत्तीर्ण गरेको लब्धाङ्कपत्र र प्रमाणपत्रहरुको प्रतिलिपि र सक्कल माइग्रेसन प्रमाणपत्र ।

(घ) विदेशी शैक्षिक संस्था वा बोर्डबाट अध्ययन गरी आएका विद्यार्थीहरुको समकक्षता निर्धारण (Equivalent) प्रमाणपत्र अनिवार्य हुनुपर्नेछ ।

(ङ) सम्पूर्ण कागजातहरुको प्रतिलिपिहरुलाई सम्बन्धित विभागको विभागीय प्रमुखले प्रमाणित गरी विभागको छाप लगाउनु पर्नेछ ।

(च) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ।

२. आफ्नो नाम थर, जन्ममिति, बुवाको नाम र अन्य व्यहोरा सुरुदेखि अन्त सम्मका सम्पूर्ण प्रमाणपत्रहरुमा एकै नासको हुनुपर्नेछ, साथै रजिष्ट्रेशन फाराममा सबै विवरण प्रष्ट बुझिने गरी विद्यार्थी स्वयंले भर्नुपर्नेछ ।

३. रजिष्ट्रेशन फाराम पठाउदा प्रत्येक फाराम रुजु गरी अंग्रेजी वर्णानुक्रम अनुसार मिलाई विश्वविद्यालयको फर्मेटमा डाटा इन्ट्री गरी एक प्रति प्रमाणित गरेको प्रिन्ट सहित CD मा राखी अनिवार्य पठाउनुपर्नेछ ।

४. विश्वविद्यालयको नीति नियम र विनयमानुसार सबै प्रक्रिया पुरा गर्नुका साथै कुनै प्रमाण लुकाई छलकपट गरी झुक्याएको पाइएमा विद्यार्थी स्वयं जिम्मेवार हुनेछ ।

५. **रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी स्वदेशी शिक्षण संस्था वा बोर्डको हकमा रु. ३००।- (अक्षरेपी तीन सय मात्र) र मान्यताप्राप्त विदेशी शिक्षण संस्था वा बोर्डको हकमा रु. ६००।- (अक्षरेपी छ सय मात्र) लाग्नेछ ।**

६. बिलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था नगरिएको हुँदा उक्त म्यादभित्र फाराम भरी भराई सक्नुपर्नेछ ।

७. रजिष्ट्रेशन फाराम नभरेका विद्यार्थीको परीक्षा फाराम स्वीकृत नहुने हुँदा अनिवार्य रुपमा रजिष्ट्रेशन फाराम भर्न भराउन हुन् ।

८. सम्बन्धित विभागले मिति २०७५/०१/३१ गतेभित्र परीक्षा नियन्त्रण कार्यालयको नविल बैंक महेन्द्रनगरमा रहेको च.हि.नं. २९०१०१७५००४२४ मा रजिष्ट्रेशन शुल्क जम्मा गरेको बैंक भौचर सहित रजिष्ट्रेशन फाराम परीक्षा नियन्त्रण कार्यालयमा बुझाई सक्नुपर्नेछ ।

९. रजिष्ट्रेशन सम्बन्धी सूचना एवम् जानकारी परीक्षा नियन्त्रण कार्यालयको फोन नं. ०९९-५२६२४३ मा सम्पर्क गरेर वा Website: www.fwuexam.edu.np हेरेर प्राप्त गर्न सकिनेछ ।

**- परीक्षा नियन्त्रक**